पालुङका महिला नौमती बाजा बजाउने तालिम लिँदै । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४८ ● २०८० जेठ २९ गते सोमबार, ● 12 Jun, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरको बज्रवाराही स्वास्थ्य चौकी

# जिल्लामै उत्कृष्ट



विकास संवाददाता
थाहानगर

स्वास्थ्य सस्थाहरूको न्युनतम मापदण्ड मापनमा थाहा नगरपालिकाको बज्रवाराही स्वास्थ्य चौकी मकवानपुर जिल्लाकै सर्वोत्कृष्ट घोषित भएको छ । आर्थिक वर्ष २०७९/८० मकवानपुरका १० स्थानीय तहहरू मध्ये बज्रवाराही स्वास्थ्य चौकी उत्कृष्ट भएको हो ।

त्यसैगरी मकवानपुर जिल्लकै दोस्रो स्थानमा पनि थाहा नगर पालिकाकै आग्रा स्वस्थ्य चौकी र टिस्टुङ स्वस्थ्य चौकी घोषित भएको छ । जिल्लाको थाहा नगरपालिकाको बज्रबारही स्वास्थ्य चौकी पहिलो भएको छ । स्थलगत अवलोकन र मूल्यांकनमा बज्रबारही स्वास्थ्य चौकीले ९७ प्रतिशत अंक प्राप्त गर्दै पहिलो नम्बरमा परेको हो । यसैगरी, थाहाकै टिस्टुङ स्वास्थ्य चौकी र आग्रा स्वास्थ्य चौकी दोस्रो भएको छ । दुबै स्वास्थ्य चौकीले समान ९६ प्रतिशत अंक नै प्राप्त गर्दै दोस्रो नम्बरमा परेको हो । यस्तै हेटौंडा उपमहानगरपालिका ६ स्थित हेटौडा स्वास्थ्य चौकीले ९३ प्रतिशत अंक प्राप्त गर्दै तेस्रो नम्बरमा रहेको छ ।

उत्कृष्ट ४ वटै स्वास्थ्य चौकीहरूलाई २६ जेठमा हेटौंडामा न्यूनतम सेवा मापदण्ड सम्बन्धी जिल्ला स्तरीय समीक्षा कार्यक्रममा प्रशंसा पत्रसहित सम्मान गरिएको हो । कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख एवं वरिष्ठ जनस्वास्थ्य प्रशासक दीपकप्रसाद तिवारीले स्वास्थ्य चौकी स्वास्थ्यकर्मी, जनप्रतिनिधि र स्थानीय तहको राम्रो कार्य सम्पादनले उत्कृष्ट हुन सफल हुन सकेको बताए । न्यूनतम सेवा मापदण्ड सम्बन्धी जिल्ला स्तरीय समीक्षा कार्यक्रममा जनप्रतिनिधिहरू, जिल्लाको १० वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, उत्कृष्ट हुने स्वास्थ्य चौकीका कर्मचारी तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा थाहा नगरपालिकाबाट स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, वडा नम्बर ६ का वडाध्यक्ष राजेन्द्र भक्त श्रेष्ठ, ८ नम्बर वडाध्यक्ष हेम कुमार थिङ तथा पुरस्कृत स्वास्थ्य संस्था प्रमुख तथा प्रतिनीधिहरूको सहभागिता रहेको थियो ।

स्वास्थ्य संस्था पुरस्कृतको अवस्थासम्म पुग्नका लागि योगदान दिनूहुने स्वास्थ्य व्यवस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, जनप्रतिनीधि तथा सम्पूर्ण सरोकारवालाहरूलाई स्वास्थ्य शाखा प्रमुख बलामीले धन्यवाद दिदै आभार व्यक्त गरेका छन् ।

# थाहाका ३ वटा वडा घरमा शुन्य सुत्केरी वडा घोषणा

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर २, ३ र ४ लाई घरमा सुत्केरी शुन्य वडा घोषणा गरिएको छ । थाहानगरका सबै वडामा गर्भवती महिलाहरूलाई पूर्ण संस्थागत सुत्केरी गराउने अभियान स्वरूप स्वास्थ्य कार्यालय मकवानपुरको प्रमाणिकरण पश्चात् २२ जेठमा थाहा नगरपालिकाको ३ वटा वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको हो ।

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले वडाहरूलाई पूर्ण संस्थागत सुत्केरी भएको वडा घोषणा गरेका हुन् । बागमती प्रदेशमै पहिलो पटक २०७६ सालमा ६ नम्बर वडालाई पहिलो संस्थागत सुत्केरी वडा घोषणा गरेको थाहा नगरले कोभिड-१९ को संक्रमण जोखिमका बखत प्रमाणीकरण भएका वडा पनि घोषणा गर्न सकेको थिएन । यसअघि २७ वैशाखमा वडा नम्बर ९ र १० चित्लाङलाई थाहा नगर पालिकाले पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरेको थियो ।

थाहा नगरपालिकाको पालुङ जेसिज सभाहलमा आयोजित कार्यक्रममा नगर प्रमुख विष्टले पूर्ण संस्थागत सुत्केरी अभियानमा खटिनू भएका सबै स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविकालगायतलाई धन्यवाद दिए । आधारभूत आवश्यकता अन्तर्गत स्वास्थ्य सेवा रहेको हुँदा पालिकाले यस कार्यमा डटेर सहयोग गर्ने बताए । प्रमुख विष्टले आम नागरिकको स्वास्थ्यसंग जोडिएको यस अभियानलाई प्राथमिकताको साथ काम गर्ने बताए । उनले घोषणासंगै यसको निरन्तरताका लागि चुनौति थपिएको बताए । वि.सं. २०७६ सालबाट शुरू गरि एको पूर्ण संस्थागत सुत्केरी अभियानलाई कार्यान्वयन गर्दै नगर घोषणा छिट्टै गर्ने गरी अघि बढ्न स्वास्थ्यकर्मीहरूलाई आग्रह गरे । उनले भने-'यसका लागि नगर पालिकाको तर्फबाट सहयोग हुन्छ ।'

नगर उपप्रमुख भरत गोपालीले आमा र बालबालिकासंग जोडिएको संस्थागत सुत्केरी अभियानलाई सबै मिलेर सफल बनाउनु पर्ने बताए । उनले स्वास्थ्यकर्मी तथा यस कार्यमा खटिने सबैलाई धन्यवाद दिदै कामको प्रशंसा गरे । प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले नगरवासीलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिका प्रतिबद्ध रहेको उल्लेख गर्दै घोषणा अभियानमा सहयोग र सहकार्य गर्ने सबैलाई धन्यवाद दिए । कार्यक्रममा ३ वटा वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणामा योगदान पुऱ्याउने ३ वटा स्वास्थ्य संस्था र ७ जना कर्मचारीहरूलाई कदरपत्र सहित सम्मान गरिएको थियो । कार्यक्रममा पालुङ प्राथमिक स्वास्थ्य केन्द्र तथा उक्त संस्थामा कार्यरत सिअनमी इनिलकुमारी राई, अनमी संजिता मोक्तान, अनमी आरती बर्तौला र अनमी कमला अधिकारीलाई सम्मान गरिएको हो । त्यसैगरी पालुङ प्राथमिक स्वास्थ्य केन्द्र र उक्त संस्थाकी सिअनमी सुशीला श्रेष्ठ, सिअनमी दुर्गा ढकाल तथा दामन शहरी स्वास्थ्य केन्द्र र उक्त संस्थाकी अनमी मनिता घिमिरेलाई नगरपालिकाले कदरपत्र सहित सम्मान गरेको हो ।

पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर शक्ति चौरसिया, पालुङ स्वासथ्य चौकीकी अहेब सुमित्रा विडारी र दामन शहरी स्वास्थ्य केन्द्रकी अनमी मनिता घिमिरेले वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्ने क्रममा गरिएको कार्य तथा प्रगतीको तथ्याङ्कीय विवरण प्रस्तुतिकरण गरेका थिए । थाहा नगरपालिका ४ नम्बर वडा अध्यक्ष तथा प्राथमिक स्वास्थ्य केन्द्र पालुङका अध्यक्ष नारायण लामाको सभाध्यक्षतामा भएको घोषणा कार्यक्रममा अतिथी तथा सहभागीहरूलाई घोषणा सम्मको अवस्थामा आइपुग्न गरिएको कामको सम्बन्धमा जानकारी गराउँदै थाहा नगरपालिका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामले स्वागत गरेका थिए ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य निरीक्षक बासुदेव रिमाल, थाहा नगरपालिका ३ नम्बर वडा अध्यक्ष तथा वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक हिरेन्द्र कुमार रायमाभी, कृषि शाखा प्रमुख संजय तिवारी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक कुमार नेगी, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशी, नेकपा एमाले नगर सचिब रामकृष्ण बस्नेतलगायत स्वास्थ्यकर्मी तथा स्थानीइहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# थाहानगरको ४ नम्बर वडामा 'बुहारी छात्रवृत्ति' वितरण

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ४ को कार्यालयले बुहारी छात्रवृत्ति वितरण गरिएको छ । वडा कार्यालको वार्षिक स्वीकृत कार्यक्रम अनुसार विवाहित महिलालाई उच्च शिक्षा अध्ययन गर्न सहयोग गर्ने उद्देश्यले बुहारी छात्रवृत्ति वितरण गरिएको हो ।

उच्च शिक्षा अध्ययन गर्नको निम्ति ४ नम्बर वडाका ४ जना बुहारीहरू निलिमा गोपाली, पुष्पा कार्की, मनिशा बिष्ट र सुस्मिता सुनारलाई पालुङ क्याम्पसमा अध्ययनको लागि छात्रवृत्ति प्रदान गरेको हो । कार्की र बिष्ट पालुङ क्याम्पसमा अध्यनरत छन भने गोपाली र सुनार हेटौंडा क्याम्पसमा अध्यनरत छन । ४ नम्बर वडाध्यक्ष अध्यक्ष नारायण लामाका अनुसार-'विवाह गरेपछि पढ्न छाड्ने चलनको अन्त्य गर्दै औपचारिक शिक्षा पूरा गराउने हाम्रो लक्ष्य हो', उनले भने,-'खर्च जुटाउन नसकेर विद्यालय जान नसक्ने बुहारी विद्यार्थीलाई यसले समेट्नेछ तर, छात्रवृत्ति प्राप्त गर्न वैधानिक विवाह भएको हुनुपर्नेछ ।'

बुहारी छात्रवृत्ति कार्यक्रमका लागि वडा कार्यालयले २० हजार रूपैयाँको दरले छात्रवृत्ति प्रदान गरिएको वडा सचिब पाल्साङ लामाले जानकारी दिए । छात्रवृत्ति वितरण कार्यक्रममा थाहानगर उपप्रमुख भरत गोपालीले छात्रवृत्ति कार्यक्रमले बुहारी तथा छात्राको उन्नती प्रगति हुनुको साथै देश निर्माणमा महिलाले पनि उतिकै योगदान गर्नसक्ने बताए । उनले कार्यक्रम सकारात्मक जनपक्षीय रहेको र थाहालाई आहा बनाउनका निमित्त बुहारीहरूको भुमिका उल्लेखनीय रहने भएकोले नगर पालिका सदैव सहयोगका निमित्त तत्पर रहेको र भोलिका दिनमा पढेर यहि नगरमा सेवा दिन आग्रह गरे।

छात्रवृत्ति कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाभीलगायतको आतिथ्यता थियो ।



## • सम्पादकीय •

# किसान: मलमा सँधै अलमल

यो खेतीपातीको समय हो । मकवानपुरको थाहानगरमा भट्टाभट आलु खनेर सक्कदाउँदै नयाँ अरु बाली लगाउन शुरु भैसकेको छ । काउली बन्दालगायतका तरकारीको बेर्ना सारेपछि नै केही समयपछि रासायनिक मलको आवश्यकता पर्दछ । तर बेर्ना सार्दा नसार्दै रासायनिक मलको चिन्ताले किसानलाई पिरोल्ने गरेको छ । सरकारले उपलब्ध गराउँदै आएको मलको अभाव हुँदा बजारमा आएका अन्य मलको भर पर्नुपर्ने बाध्यता छ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले रासायनिक मल बिक्रीको जिम्मा पाएका छन् । कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले ३० प्रतिशतको दरले बाँडेर मल बिक्री गरिरहेका छन् । बाली लगाउने सिजनमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा मल नआउँदा किसानले महंगो मूल्यमा कमसल मल बाहिरबाट किन्नुपर्ने पुरानै समस्या फेरि दोहोरिएको छ ।

अहिलेसम्म आवश्यकता भन्दा निकै कम मात्र मल आउँदा बजारमा जे छ त्यही किन्ने अवस्था छ । एकातिर चर्को खडेरीले खेतीपातीमा ढिलाई भइरहेको छ भने अर्कोतिर रासायनिक मलको अभावले किसानलाई चिन्ता थप्ने काम गरेको छ । रासायनिक मलको आपूर्तिमा समस्या विगत केही वर्षदेखि निरन्तर कायम छ । सरकारले किसानलाई मलमा अनुदान दिने भने पनि किसानले आवश्यकताअनुसार अनुदानको मल पाउनै सकेका छैनन् । किसानलाई थोरै भए पनि राहत दिने मलमा अनुदान कार्यक्रमको किसानले उपयोग गर्न पाएका छैनन् । त्यतिमात्र होइन, अनुदानको मल बिक्रीका लागि बनाइएका संरचनासमेत किसानमैत्री छैनन् । अनुदानको मल वितरण गर्न बनाइएको संरचना अनुसार खेतीयोग्य जमिनका आधारमा केन्द्रले प्रदेशलाई कोटा पठाउँछ । केन्द्रले जिल्लामा जिल्लाको कोटाअनुसार पठाउँछ । जिल्लामा कृषि ज्ञान केन्द्रको समन्वयमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले मकवानपुरका दशवटै पालिकाको कोटा निर्धारण गरेर स्थानीय तहमा पठाउँछन् । स्थानीय तहले आफ्नो पालिकाभित्र सूचीकृत सहकारीलाई कोटा निर्धारण गर्छन् र त्यही कोटाअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले मल बिक्री गर्छन् ।सहकारीले आफ्ना सदस्य बाहेकलाई मल दिंदैन । कतिपय किसान सहकारीको सदस्य नै भएका हुँदैनन् उनीहरु थोरबहुत पाउने मल पाउनबाट पनि वञ्चित भैरहेका छन् ।

विगतका वर्षहरूमा भन्दा यो वर्ष रासायनिक मल सहज उपलब्ध हुने सरकारी अधिकारीहरुको दाबी भए पनि बजारमा भने रासायनिक मलको अभाव छँदैछ । सरकारले उपलब्ध गराउँदै आएको मल नपाउँदा किसानहरु बजारमा जहाँतहीँ मल खरिद गर्न बाध्य छन् । यही बाध्यताको फाइदा मलको नक्कली कारोवार गर्नेहरुले समेत उठाउँदै आएका छन् । सरकार आफैले मल उपलब्ध गराउन नसकेपछि निजी क्षेत्रबाट भइरहेको मल बिक्रीलाई व्यवस्थित बनाउन आवश्यक छ । एउटा भनेर अर्को मल बिक्री गर्ने, नक्कली मल बिक्री गर्नेहरुलाई रोक्न, किसानलाई रासायनिक मलबारे आधारभूत रुपमा जानकारी प्रदान गर्न, रासायनिक मलको सट्टामा प्रयोग गर्न सकिने प्रांगारिक मलका बारेमा पर्याप्त सूचना प्रवाह गर्ने विषय स्थानीय सरकारको प्राथमिकतामा पर्नुपर्छ । यसतर्फ बेलैमा ध्यान दिनू आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# प्लाष्टिक नियन्त्रण : नीति छ, थीति छैन



◆ युवराज कण्डेल

वर्तमान जीवनशैली प्लास्टिकको उपयोग विना कल्पना गर्न पनि नसकिने भएको छ । प्लास्टिक मध्ये पनि पोलिथिलिन, स्टाइरिन पोलिमर्स, पोली भिनाइल क्लोराइड (पिभिसी), पोली प्रोपलिन दैनिक जीवनमा बढी प्रयोगमा आएको पाइन्छ । यी मध्ये पनि पोलिथिनलाई पातलो बनाउन सकिने, लचकता र हलुका हुने तथा समान तौल र आकारका अन्य वस्तुको तुलनामा बलियो हुने भएकोले सामान राख्ने झोला मात्र नभएर दुध, औषधि, रगत, रक्सी, पेयपदार्थ राख्ने पोका र ब्याग बनाउन समेत प्रयोग गरिन्छ । सबै किसिमका पोलिथिन प्याकेटहरू र अधिकांश झोलाहरू एक पटक प्रयोगमा आएपछि फोहरको रूपमा फाल्ने गरिन्छ । प्लास्टिक र पोलिथिन जैविक रूपमा नकुहिने भएकोले प्राकृतिक चक्रमा विलिन नभई लामो समयसम्म माटोमा जस्ताको तस्तै रहन्छन् । प्लास्टिकजन्य फोहर जलाउँदा डाइअक्सिन, फ्यूरान जस्ता हानीकारक ग्यास निष्काशन हुन्छ र यस्तो विषालु ग्यासले वायु प्रदूषण गर्छ । माटोमा पुरेमा अक्सिजनको मात्रा घटाएर कार्बन मोनोअक्साइड उत्सर्जन बढाउँछ । खोलामा फाल्दा पानी रिचार्ज प्रक्रियामा अवरोध गर्छ । प्लास्टिकजन्य वस्तुहरूले पानी, माटो र वातावरणमा सयौं वर्ष निरन्तर प्रदूषण गरिरहन्छ ।

नेपालमा व्यापारिक, औद्योगिक र घरायसी प्रयोगका सामग्रीको रूपमा जताततै पोलिथिन झोला र र अन्य प्लाष्टिकजन्य सामग्रीहरू प्रयोग गर्ने गरिएको छ । बढ्दो जनसंख्या र विलासी जीवनशैलीसंगै फोहरमा प्लाष्टिकको मात्रा निरन्तर बढिरहेको छ । शहरका ढलहरू पोलिथिन फोहरहरूले भरिदा सडकमै ढल बग्ने गरेको देखिन्छ । प्लास्टिकका अन्य सामग्री र पोलिथिनका झोला र प्याकेटहरूले गर्दा सिचाईका कुलोहरू पुरिदै र साँघुरिदै गएका छन् । प्लास्टिकले गर्दा कुलो सरसफाई र मर्मत गर्न कठिन हुँदै गएको छ । खोलामा पोलिथिन फोहरको मात्रा बढेकोले खोलाहरू पुरिने र वहाव मार्ग परिवर्तन हुने क्रम जताततै बढिरहेको छ । राजमार्ग किनारका वन क्षेत्रमा प्लास्टिक झोला र थैलाजन्य फोहर जताततै छरिएको देखिन्छ । वनमा छरि एको प्लास्टिकले गर्दा वनस्पतिको वृद्धि र विस्तारमा प्रतिकुल असर परेको मात्र छैन, पोलिथिन झोला र थैलाभित्र रहने केही खानेकुराको लोभमा प्लास्टिक समेत खान पुग्दा वन्यजन्तु र वनमा चर्ने घर पालुवा पशु चौपायाहरू मरेका खबरहरू बारम्बार आईरहेका छन् । खोला र कुलोमा फ्याँकिएका प्लास्टिक झोला र थैलाहरू सिचाईको क्रममा किसानका खेतबारीमा पुग्ने गरेकोले कृषि उत्पादनमा ह्रास, खनजोतमा कठिनाई जस्ता समस्याहरू जताततै देखा परिरहेका छन् ।

## नियन्त्रणका प्रयासहरू

नेपालमा प्लास्टिकका सामग्री र पोलिथिन झोलाको प्रयोगबाट वातावरणमा प्रत्यक्ष प्रभाव पार्दै गरेकोले यसको नियन्त्रण गर्नुपर्ने आवाज वि.सं. २०५० को दशकदेखि उठ्दै आएका छन् । प्लाष्टिकको प्रयोगबाट वातावरणमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने तथा प्लाष्टिकका झोलाहरू बढी मात्रामा प्रयोग भइरहेकोले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति ०५७।१।१९ देखि लागू हुनेगरी २० माइक्रोन भन्दा कम तौलका प्लाष्टिकका उत्पादन तथा बिक्री वितरणमा प्रतिबन्ध लगाइएको थियो । तर अनुगमन र कारवाही प्रणाली फितलो भएकोले यो प्रतिबन्ध निष्प्रभावी हुन पुग्यो । सबै क्षेत्रबाट पोलिथिन झोलालाई नियन्त्रण गर्नुपर्ने दवाव सबै क्षेत्रबाट आएपछि सरकारले प्लास्टिक झोला नियमन तथा नियन्त्रण निर्देशिका २०६८ ल्याएको थियो । यो निर्देशिकाले २० माइक्रोन भन्दा पातला पोलिथिन झोलाको उत्पादन र आयातमा प्रतिबन्ध लगाउनुको साथै उत्पादन, विक्रेता र उपभोक्ताको दायित्व समेत उल्लेख गरेको थियो । यो निर्देशिकाले निर्देशिका विपरीत मोटाइ, साइज, रंग अनुरूपका प्लाष्टिक झोला उत्पादन, संकलन, बिक्री वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट प्लाष्टिक झोला जफत गर्ने र दण्ड सजाय गर्न सक्ने व्यवस्था गरेको थियो । त्यसैगरी पोलिथिन झोलाको मागलाई घटाउन र विसर्जनलाई व्यवस्थित बनाउनको लागि विक्रेता र प्रयोगकर्ताको दायित्व समेत यो निर्देशिकाले गरेको थियो । देशमा उत्पन्न राजनीतिक अस्थिरताको प्रभाव, स्थानीय दवाव समूहको असफलता र उद्योगी ब्यापारीहरूको आनाकानीले गर्दा यो निर्देशिका बमोजिम काम हुन नसकेपछि संसद्को वातावरण संरक्षण समितिको ०७१ भदौ ९ गते सरकारलाई निर्देशिका बनाएर प्लास्टिक झोला निषेध गर्न निर्देशन गरेको थियो । यही निर्देशन अनुसार सरकारले प्लाष्टिक झोला नियमन तथा प्रतिवन्ध निर्देशिका २०७१ बनाएर काठमाडौँ उपत्यकाभित्र २०७२ वैशाख १ गतेदेखि प्लास्टिक झोला प्रतिबन्ध लगाई नियमन तथा नियन्त्रण अभियान चलाएको थियो । निर्देशिका २०७१ अनुसार ४० माइक्रोनभन्दा कम तौल भएका प्लाष्टिक झोला उत्पादन गर्न नपाइने र कुनै पनि व्यक्ति वा संस्थाले उत्पादन गरेर विक्रीवितरण गरे कसूर को मात्रा हेरी ५० हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने निर्र्देशिकामा उल्लेख भए पनि भूकम्प, हडताल, र नाकाबन्दी जस्ता समस्यामा सरकार अल्झिनु परेकोले प्लास्टिक झोला प्रतिबन्ध तथा नियन्त्रण प्रभावकारी हुन सकेन ।

सरकारले आ.व.२०७३/७४ को बजेट वक्तव्यमा प्लास्टिक तथा पोली प्रोपिलिन झोला आयात निर्यात, बिक्री वितरण र उपयोग गर्न नपाइने प्रावधान ल्याएको थियो । नेपालका उद्योगीहरूले प्लास्टिकका झोला उद्योगमा ठूलो लगानी गरेकोले उनीहरूलाई आर्थिक क्षति नहोस भनेर उनीहरूलाई वैकल्पिक उत्पादनमा लाग्न प्रेरित गर्नको लागि विशेष सहुलियत दिने निति समेत बजेट बक्तब्यले अघि सारेको थियो । र यसलाई कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७३ श्रावण २ गते सूचना जारी गरेको थियो । प्लास्टिकको झोलाको विकल्पको पूर्व तयारीविना सरकारले हतारमा गरेको यो निर्णय पनि २० माइक्रोनको झोला प्रतिबन्ध गर्ने २०५७ सालको निर्णय जस्तै हुन पुगेको थियो । आर्थिक वर्ष २०७४/२०७५ को बजेटमा प्लास्टिक प्रतिवन्धको कुरा नगरिए पनि प्लास्टिक र त्यसबाट बनेका वस्तुहरूको पुनः प्रयोग, पुनप्रशोधन र नविकरण गरिनेछ भन्ने वाक्यांश उल्लेख थियो । आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यको १६० औं बुँदामा ४० माईक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा २०७८ साउन १ देखि पूर्णरूपमा प्रतिबन्ध लगाउने उल्लेख थियो । सरकारका घोषणा र प्रतिबन्धहरू कागजमै सिमित भएपछि पछिल्ला २ वर्ष यो मामिलामा सरकार हच्किएको देखिन्छ । २०८०/८१ को बजेट वक्तव्यमा प्लाष्टिक झोलाको साटो कागज वा कपडाको झोलालाई प्रोत्साहन गरिनेछ भन्ने वाक्यांश मात्र समावेश गरेर आफु यो मुद्दामा अघि नबढ्ने संकेत दिएको छ । स्थानीय स्तरमा पोलिथिन प्रतिवन्धको अभियान शुरू भएको पनि २ दशक भैसकेको छ । तर ब्यापक तयारी नगरी हचुवाको भरमा भाषण र प्रचारबाजी गर्नकै लागि मात्र पोलिथिन प्रतिवन्ध र निषेधका कामहरू गरिरहेको अवस्थामा पछिल्लो समयमा स्थानीय सरकारहरूले पनि पोलिथिन प्रतिवन्ध गर्ने घोषणा गरेर तामझामका कार्यक्रमहरू गरिरहेका छन् । प्लाष्टिकको सामाजिक प्रभावको अध्ययन र पुर्व तयारी नै नगरी ल्याइएका यस्ता कार्यक्रमहरूले तत्कालीन प्रचार भन्दा अरू केही उपलब्धि नहुने देखिन्छ ।

## हिंड्नुपर्ने बाटो

अहिले पोलिथिन झोलाले वातावरणमा ठूलो समस्या उत्पन्न गरेका छन् तर समस्या उत्पन्न गर्नुमा झोलाको मात्र नभएर प्लास्टिक पोलिथिनबाट बन्ने सबै प्याकेट, थैलाहरू र पेट बोतल र प्लास्टिक बोराहरूको पनि ठूलो भूमिका रहेको छ । प्याकेजिङ्ग, मोडेलिङ, सुरक्षामा पोलिथिन कागजको प्रयोग सबैजसो वस्तु उत्पादकहरूले गरिरहेको भएपनि अहिले ती उत्पादनलाई सरोकार नराखी झोलालाई मात्र प्रतिबन्ध लगाउन खोज्नु अलि पूर्वाग्रही देखिएको छ । पातलो पोलिथिन झोलाहरूले वातावरणमा असर पुऱ्याउने भएकोले त्यसलाई उत्पादन र प्रयोगमा प्रतिबन्ध लगाउनु जायज छ तर यो संगै पोलिथिन र प्लास्टिक कागजका प्याकेट, र्‍यापर र हलुका बोतलहरूलाई पनि नियमन गर्नु जरूरी छ । सस्ता, हलुका र बलिया पोलिथिन झोलाले गर्ने काम गर्ने कागज, जुट र कपडाका झोलाहरू बनाउदा बढी लागत पर्ने र सर्व सुलभ नहुने भएकोले पोलिथिन झोलालाई पूर्णत विस्थापन गर्नु भन्दा बाक्लो र पुनः प्रयोग हुने झोलाहरू

*बाँकी पृष्ठ ३ मा*

# जण्डिस बारे जानौं



आँखा र हातखुट्टामा पहेंलोपन देखिएमा जण्डिस भएको बुझिन्छ । शरीरमा बिलुरूविनको मात्रा बढी भएमा आँखा र हातखुट्टामा पहेंलोपन देखिन्छ। जण्डिस कुनै रोग नभई विभिन्न रोगले देखाउने एक संकेत मात्रै हो ।

जण्डिस देखिने बित्तिकै मानिसहरू मुख बार्नुपर्ने कडा खालको रोग हो भनेर डराउँछन् । तर यो कुनै गम्भीर रोग होइन ।

### कारण

शरीरमा बिलुरूविनको मात्रा २.५ भन्दा बढी भयो भने आँखादेखि शरीरका विभिन्न भाग पहेंलो हुन्छ। रगतमा भएको हेमोग्लोबिनमा कुनै कारण अवरोध आएपछि कलेजोमा पुगेर बिलुरूविन बन्छ । बिलुरूविन कलेजोले छानेपछि शरीरबाट बाहिर निस्कन्छ । तर कुनै कारणले रगतबाट कलेजोमा प्रवेश नगर्दा वा कलेजोले छान्ने नगर्दा शरीरमा यसको मात्रा बढ्छ र जण्डिस निम्त्याउँछ ।

### के कस्ता रोगमा जण्डिस देखिन्छ ?

हेपाटाइटिस हुँदा जण्डिसलाई लक्षणको रूपमा देखाउँछ । हेपाटाइटिस ए, बी, सी, डी र ईमध्ये हेपाटाइटिस ए र ई प्रदूषित खाना र दूषित पानीले सर्छ भने बी, सी र डी रगतको संक्रमणबाट सर्छ । यस्तो अवस्थामा कलेजो सुन्निन्छ । र, संकेत जण्डिसको पनि देखिन्छ। अत्यधिक रक्सी पिउने व्यक्तिको कलेजो सुन्निएर पनि जण्डिस देखिन सक्छ ।

त्यस्तै पित्तनली सुन्निने वा उक्त नली आन्द्रासम्म पुग्न नसक्ने अवस्थामा, पित्तनली क्यान्सर, लिभर सिरोरिस, कलेजोमा पिप जमेमा, खाना पचाउने नली सुन्निएमा, आमाशयको क्यान्सर, क्षयरोगको औषधि सेवन, सिटामोल धेरैखालको स्वास्थ्य समस्यामा प्रयोग गर्दा, जथाभावी आयुर्वेदिकको नाममा औषधि सेवन गर्दा कलेजो सुन्निन्छ, जसले जण्डिस देखा पर्छ ।

### लक्षण

जण्डिस आफैंमा एक लक्षण हो । त्यसैले के कारणले जण्डिस भयो सोहीअनुसार लक्षण देखाउँछ । जस्तै, भाइरल हेपाटाइटिस हो भने बान्ता आउने, खानामा अरूचि, दाहिने कोखा दुख्ने, आँखाको सेतो भाग पहेंलो हुने र पानी पिउन मन नलाग्ने हुन्छ । हेपाटाइटिस ए र ई भएमा जीउ दुख्ने, ज्वरो आउने हुन्छ ।

क्यान्सरले जण्डिस भएका बिरामीमा तौल घट्ने, वाकवाकी लाग्नेजस्ता लक्षण देखिन्छ । त्यसबाहेक खाना नरूच्ने, शरीर कमजोर हुँदै जाने, पेट दुख्ने, पिसाब पहेंलो देखिने र आँखाको सेतो भाग पहेंलो हुने जण्डिसका लक्षण हुन् ।

### बालबालिकालाई बढी

जण्डिस शिशुदेखि वृद्धसम्ममा देखिन सक्छ । तर सबैभन्दा बढी पाँचदेखि १० वर्षसम्मका बालबालिकामा जण्डिस देखिने सम्भावना हुन्छ । यसको कारण दूषित पानी र अस्वस्थकर खानेकुराले हेपाटाइटिस ए र ई हुनु हो। दूषित पानी पिउने वयस्कहरूमा पनि जण्डिस देखिने सम्भावना हुन्छ । यद्यपि सचेतना बढेसँगै बिरामीको संख्या कम हुँदै गएको छ ।

### पहिचान तथा उपचार

आँखा पहेंलो भएमा सबैभन्दा पहिला शरीरको बिलुरूविनको मात्रा जाँच हुन्छ । त्यसपछि भिडियो एक्स–रेबाट कुन रोगको कारण जण्डिस संकेतको रूपमा देखिएको हो भन्ने पत्ता लगाइन्छ । हेपाटाइटिसको शंका भएमा त्यसको पनि परीक्षण गरेर पत्ता लगाउन सकिन्छ ।

जण्डिसको विशेष खालको उपचार पद्धति छैन । के कारणले जण्डिस भएको सोहीअनुसार उपचार प्रक्रिया अघि बढ्छ । हेपाटाइटिस ए र ई स्वस्थकर खानपान गरेमा आफैं ठीक हुन्छ । पित्तनलीमा पत्थरी भएमा त्यसलाई निकाल्ने, क्यान्सर भएमा त्यसको चरणलाई मध्यनजर गर्दै सम्भव भए शल्यक्रिया गर्ने गरिन्छ ।

त्यस्तै, कुनै औषधिको कारण जण्डिस भएको हो भने औषधि बन्द गर्दा स्वतः कम हुँदै जान्छ । हेपाटाइटिस बी र सी भएमा अस्पतालमा उपचारसँगै चिकित्सकको निर्देशनअनुसार औषधि खाएर मात्र निको हुन्छ । हेपाटाइटिस बी देखिएमा दुई वर्षसम्म र सी भएमा दुई महिनाको अवधिमा ठीक हुन्छ ।

### जण्डिस बिग्रिंदा आउने जटिलता

नवजात शिशुमा जण्डिस भएर उपचार गराइएको छैन वा लामो समयसम्म जण्डिस भएमा उनीहरूको दिमागमा असर गर्न सक्छ । त्यस्तै, अन्य समूहमा मुख्य कारण पत्ता नलगाई आयुर्वेदिक औषधि जथाभावी खाँदा कलेजो फेल हुन सक्छ । जसले ज्यान समेत जोखिममा पर्छ ।

### मुख बार्नुपर्ने भ्रम

नेपाली समाजमा बिरामी हुने बित्तिकै पहिलो प्रश्न नै मुख बार्नुपर्छ ? भन्ने हुन्छ। तर रोग लाग्ने बित्तिकै मुख बार्ने गर्नु हुँदैन । सबैभन्दा बढी जण्डिसमा मुख बार्ने चलन छ। जण्डिस हुने बित्तिकै मुख बार्नु पर्दैन । खानेकुरामा दाल, भात, तरकारी, फलफूल अमिलो, पिरो, चिल्लो, नुन, तेल, बेसार र मसला सबै सन्तुलित मात्रामा खान सकिन्छ । तर तारेको, बोसोयुक्त खानेकुराले कलेजोको पित्तलाई असर गर्ने हुँदा नखानु राम्रो हुन्छ। त्यससँगै जण्डिसमा पहेंलो रंगको खानेकुरा खानु हुँदैन भन्ने गलत धारणा छ । पहेंलो खानेकुराले कुनै किसिमको हानि गर्दैन । त्यससँगै अनावश्यक बिना परीक्षण औषधि खानु हुँदैन ।

अर्को भ्रम के छ भने नवजात शिशु वा आमालाई जण्डिस भए आमाको दूध खुवाउनु हुँदैन भनिन्छ । आमालाई पनि मुख बार्न लगाइन्छ, जुन गलत हो । आमाको दूध जति पोषिलो खानेकुरा अन्य हुन सक्दैन । दूधबाट शिशुमा जण्डिस सर्दैन ।

जण्डिसबाट बच्न कलेजोलाई स्वस्थ राख्न जरुरी छ । दूषित पानी, अस्वस्थकर खानेकुरा, रक्सी नखाने, जथाभावी औषधि नखाने र सुई प्रयोग नगर्ने, परीक्षण नगरिएको रगत नचढाउने गरेमा धेरै हदसम्म जण्डिसबाट बच्न सकिन्छ ।

## प्लाष्टिक नियन्त्रण...

उत्पादन र प्रयोग बढाउनु राम्रो हुन्छ । झोला बाहेक अन्य पोलिथिन कागजबाट बनेका वस्तुहरूबाट हुने प्रदुषण घटाउनको लागि त्यस्ता वस्तुहरू आफ्नो उत्पादनमा प्रयोग गर्ने उत्पादकले नै ति वस्तुहरू फिर्ता लानुपर्ने व्यवस्था गर्नु पर्छ। पोलिथिन र अन्य प्लास्टिकजन्य वस्तुहरू सजिलै पुनचक्रण गर्न सकिने भएकोले प्रदुषण घटाउन संकलन र पुनचक्रण गर्ने उद्योग स्थापना गर्न सरकारले सहयोग गर्नुपर्छ । अहिले विकसित देशहरूले फोहरको रूपमा फ्याकिएका प्लास्टिकबाट पेट्रोलियम पदार्थ उत्पादन गर्ने , प्लास्टिकजन्य फोहरबाट सडक निर्माण गर्ने जस्ता काममा सफलता प्राप्त गरिरहेका छन् । प्लाष्टिक र पोलिथिन प्रतिवन्धको कुरा गरिरहदा यी विकल्पहरूमा समेत ध्यान दिनु पर्ने देखिन्छ ।

प्लाष्टिकका सामग्री तथा पोलिथिन झोलाले आफैले समस्या सिर्जना गरेका होइनन्, हामीले प्रयोग गर्न नजानेर हो। प्रयोगमा आएका झोला, प्याकेटहरू जथाभावी नफालेर पुनः प्रशोधनको लागि संकलन र विक्री गर्ने हो भने समस्याहरू आफै घट्दै जानेछन् । पोलिथिन झोला लगायत प्लास्टिकका अन्य सामग्रीहरू जीवनका अंग बनिसकेकोले भाषण गरेर प्रतिबन्ध लगाउँदैमा त्यसको प्रयोग हटाउन सकिंदैन। देशलाई प्लाष्टिकमुक्त भन्दा पनि पहिले प्लाष्टिक सिर्जित समस्यामुक्त बनाउनु जरुरी छ । वातावरण अधिकारकर्मी, तीनै तहका सरकारहरू र नीति निर्माताहरूले यो कुरामा ध्यान दिनु जरुरी छ ।

– yrkandel@gmail.com

## ब्रेन ट्युमर भएको कसरी थाहा पाउने ?

मस्तिष्कमा अरबौं कोष हुन्छन् । यी कोषकै मद्दतले दिमागले काम गर्छ । तर तीनै कोषिकाको नियन्त्रण बिग्रिंदा दिमागको कोष नष्ट हुँदै जान्छ र क्यान्सरको रूपमा फैलिन थाल्छ। यस्तो अवस्थालाई ब्रेन ट्युमर भएको भनेर बुझिन्छ । यो ट्युमर एक किसिमको प्राणघातक रोग हो ।

तर यसको बेलैमा पहिचान तथा उपचार भएमा बच्न पनि सकिन्छ । यसको संकेतलाई देखिंदा पनि पहिल्याउन नसक्दा ढिलाइ हुन सक्छ । त्यसैले समयमै संकेत र रोगबारे जानकार भएमा बच्न सकिन्छ । त्यसैले यस रोगबारे जागरूक गराउन हरेक ८ जुन अर्थात् आज विश्व ब्रेन ट्युमर दिवस विभिन्न कार्यक्रम गरी विश्वव्यापी रूपमा मनाइने गरिन्छ ।

*यस्ता छन् ब्रेन ट्युमरका संकेतः*

१. ब्रेन ट्युमर भएमा अत्यधिक टाउको दुखिरहने गर्छ । जसबाट आराम पाउन औषधि खाँदा पनि निको हुँदैन। लगातार टाउको दुखिरहेमा तुरून्त चिकित्सकलाई सम्पर्क गर्नुपर्छ ।

२. आँखामा समस्या हुनु पनि ब्रेन ट्युमर को एक लक्षण हो । लगातार आँखा दुख्ने, धमिलो देख्ने र रङ छुट्याउन कठिन भएमा बेवास्ता गर्नु हुँदैन ।

३. शरीरमा कुनै किसिमको झट्का महसुस हुनु, बिना कारण एक्कासि रिंगटा लाग्नु र शरीर काम्नु यो रोगको लक्षण हुन सक्छ ।

४. कहिलेकाहीं एक ठाउँमा सामान राखेर भुल्ने गरिन्छ । जुन धेरैलाई हुन सक्छ । यो सामान्य हो । तर पटक–पटक स–साना कुरा पनि बिर्सिने गरेमा ब्रेन ट्युमरको लक्षण हुन सक्छ । साथै निद्रामा पनि समस्या देखिन सक्छ ।

५. दिमागलाई आराम मिलेन भने अनुहार सुन्निन थाल्छ। शरीर र दिमागलाई आराम नै मिलेको अनुभूति हुँदैन भने तुरून्त स्वास्थ्य जाँच गराउनुपर्छ ।

६. ब्रेन ट्युमर दिमागमा हुन्छ। दिमागले नै शरीरलाई पूर्णरूपले नियन्त्रण गरिरहेको हुन्छ । तर ब्ल्याडरमा भने यसको नियन्त्रण हुँदैन । जसकारण बान्ता हुने, बेहोस हुने र कमजोरीको समस्या देखिन्छ ।






# टिष्टुङको निःशुल्क स्वास्थ्य शिविरमा ३ सय ६० को स्वास्थ्य परीक्षण

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ११ र १२ टिष्टुङमा भएको निःशुल्क स्वास्थ्य शिविरमा ३ सय ६० जना महिलाले स्वास्थ्य परीक्षण गरिएको छ । नगरपालिका र ११ र १२ नम्बर वडाको तथा वीङ युथको सयुक्त आयोजनामा शिविर संचालन भएको हो ।

निःशुल्क स्वास्थ्य शिविरमा ३ सय ४० जना महिलाहरूको निःशुल्क भिडियो एक्सरे र ९७ जनाको पाठेघरको मुखको क्यान्सर जाँच गरेको वीङ युथको कार्यक्रम संयोजक आशिका बस्न्यातले बताइन् । स्वास्थ्य परीक्षण भएका मध्ये ९ जना महिलाहरूको पाठेघर खस्ने समस्या देखिएकोले रिङ पेसरी राखी उपचार गरेको र २ जना महिलाको पूर्ण रूपमा पाठेघर खसेको हुँदा काठमाडौं पठाइएको डाक्टर पवन कार्कीले जानकारी दिए ।

शिविरमा ३० देखि ५० वर्षका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर जाँच गरिएको डाक्टर कार्कीले बताए । शिविरमा स्वास्थ्य परीक्षणमा आएकाहरूलाई वरिष्ट स्त्री रोग विशेषज्ञ डाक्टर विना श्रेष्ठ, वरिष्ट रेडियोलोजिष्ट डाक्टर अनुज बज्राचार्य, डाक्टर गगन कार्की, डाक्टर पवन कार्की, रजिष्टर नर्स जस्मिन गुरूङ, रजिष्टर नर्स सस्मिता राई, रजिष्टर नर्स सुजता गुरूङ, अनुसा लामा, फार्मेसिस्ट सुमन खड्का, नर्सिङ स्वयंसेवक आशिका के.सी., गरिमा बस्नेत लगायतको स्वास्थ्यकर्मीहरूले जाँचेका थिए ।

यस अघि पनि वीङ युथ र थाहा नगरपालिकाको आयोजनामा थाहा ७ र ८ का महिलाहरूलाई लक्षित गर्दै निःशुल्क शिविर भएको थियो । थाहा नगरपालिका महिलाहरूलाई पाठेघरको क्यान्सर सम्बन्धी समस्यालाई निराकरण गर्ने उद्देश्यले शिविरलाई निरन्तरता दिदै आइरहेको डाक्टर गगन कार्कीले बताए । पालिकाका अन्य वडाहरूमा शिविर संचालन गर्ने योजना रहेको वीङ युथको संयोजक बस्न्यातले जानकारी दिए ।

# थाहाका सफल विष्ट ऱ्याप स्टारको फाइनलमा

◆ विकास संवाददाता



मकवानपुरको थाहा नगरपालिका वडा नम्बर. २ फौँटबजारका १९ वर्षीय सफल विष्टले ऱ्याप स्टारबाट नेपालकै नाम चिनाउँदै छन् । ७००० प्रतिष्पर्धीलाई पछि पार्दै उनी अन्ततः फाइनलमा प्रवेश गरेका छन् । आगामी २८ जेठमा हुने फाइनल चरणमा उनको अन्तिम ऱ्याप स्टार परीक्षा हुँदैछ ।

नामै सफल अर्थात् सफल विष्ट । सानैदेखि ऱ्याप गायनमा शौखिन सफललाई ऱ्याप दुनियाँमा विसफु को नामले चिनिन्छ । ओएसआर रियालिटी युट्युब च्यानलबाट प्रशारण हुँदै आएको ऱ्याप स्टार रियालिटी शोमा सफल अहिलेसम्म सफल छन् । यो कार्यक्रम शनिबार र आइतबार स्पेस फोरके टेलिभिजनबाट पनि प्रशारण हुन्छ । आदित्य विक्रम अछामीको निर्देशनमा बनेको रियालिटी सोमा गिरिश खतिवडा, मिस्टर डी (सन्दीप विष्ट), एजे (अभिजीत भण्डारे) निर्णायक छन् । निर्णायकहरूले सफलको खुलेर प्रशंसा गरिरहेका छन् । सफलका बुवा राधाकृष्ण विष्ट भन्छन्, निर्णायकहरूले सफलमा छुट्टै 'इनर्जी' पाएका छन्, ऱ्यापका मान्यताहरूले सफल सफल नै हुन्छन् तर त्यतिले मात्र ऱ्याप स्टार बन्ने ढोका नखुल्न सक्छ किनकि त्यहाँ भोटिङको पनि कुरा हुन्छ ।

भोटिङमा सहयोगीहरूको हात आवश्यक भएकोले सफललाई ऱ्याप स्टारको रूपमा देख्न पाएर थाहा र मकवानपुरको नाम राख्न अहिले भोटिङ अभियान नै सञ्चालन गरिरहेको विष्ट बताउँछन् । 'सफललाई भोट गर्नेहरू बढिरहेका छन्, सकेसम्म सबैको सहयोगको अपेक्षा गरेको छु,' उनले भने । सफल अहिले थाहानगरमै छन् । आफन्त र साथीहरूसँग मिलेर भोटको अपिल गर्दै उनी यहाँका विभिन्न स्कूल, बलेज तथा संघसंस्थाहरूमा पुगिरहेका छन् । बुधबार उनले हिमालयन इंगलिस बोर्डिङ स्कूल, जनकल्याण मावि, पालुङ मोडर्न इंगलिस स्कूल, पालुङ इंगलिस स्कूल लगायत विद्यालयहरूमा पुगेर भोटको अपिल गरेको श्रीकृष्ण विष्टले बताए ।

सफललाई भोट गर्नका लागि मोवाइल फोनमा गुगल प्ले स्टोरबाट ओएसआर कनेक्ट एप डाउनलोड गर्नुपर्छ । उक्त एप खुलेपछि शोजमा क्लिक गरेपछि ऱ्याप स्टारमा गएर भोट नाउमा क्लिक गर्नुपर्छ । त्यसपछि फाइनलमा पुगेका प्रतिस्पर्धीहरूको फोटो देखिन्छ । अन्तिममा सफलको फोटो रहेको छ जहाँ भोट नाउमा क्लिक गरेर भोट गर्न सकिन्छ । २८ जेठ दिउँसो १ बजेसम्म भोटिङ खुल्ला रहने आयोजकले जनाएको छ ।

# पालुङका महिला नौमती बाजा बजाउने तालिम लिँदै

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ का सक्रिय उद्यमशील महिला समुहमा आवद्ध सदस्यहरू नौमती पञ्चेबाजा बजाउन सिपालु भइसकेका छन् । बहमाण-क्षेत्री समुदायका महिलाले नौमती बाजा छुनुहुँदैन भन्ने परम्परागत मान्यतालाई पन्छाउँदै उनीहरूले पञ्चेबाजा बजाउन थालेका हुन् । सिक्दै गरेका उनीहरूले दुई वटा सार्वजनिक कार्यक्रममा दिल खोलेर बाजा बजाए । उनीहरूले ५ जुनमा भएको विश्व वातावरण दिवस र २३ जेठमा जनकल्याण माविमा भएको विदेशी पाहुना स्वागत कार्यक्रममा बाजा बजाएका हुन् ।

ब्युटी पार्लर, सिलाई बुनाइ जस्ता तालिममा मात्र महिलाको आकर्षण हुने गरेकोमा पालुङका महिलाहरू दमाह, ट्याम्को, कर्णाल र नरसिङगाजस्ता विभिन्न थरीका बाजा सिक्न व्यस्त छन् । महिलाले बाजा छुन पनि हुँदैन भन्ने परम्परागत मान्यता छ । तर पालुङका बह्माण, क्षेत्री महिला एकजुट भएर पञ्चे बाजा बजाउन सिक्दै बजाउनै थालेको वडाका महिला सदस्य रितु कार्किले बताइना थाहा नगरपालिकामा पहिलो पटक महिलाहरूले पञ्चेबाजा बजाउन असहज महशुस गरिएको भएपनि महिलाहरू यसतर्फ आकिर्षत भएको सदस्य कार्कीले बताइन् । 'मैले सीप हस्तान्तरणको अभियानको रूपमा लिएको छु,' उनले भनिन् । पुरूषले मात्रै बजाउने पञ्चेबाजा महिलाहरू समेत बजाउन अब्बल पार्ने उद्देश्यले कार्यक्रम राखिएको उनले बताइन् ।

महिला मात्र सहभागी नौमती बाजा समूह बनाई चितवनका राम बहादुर थापा र होम बहादुर थापाले प्रशिक्षण दिइरहेका छन् । स्वागत तथा सम्मानलगायतका कार्यक्रम, मंङ्गलधुन, दुलाहा अन्माउने, दुलहीको घरमा पुगेपछि, सिन्दूर हाल्ने, गोडा धुने, कन्यादान गर्ने बेलामा र दुलही अन्माउँदा, भित्र्याउँदा मंगलधुनका प्रस्तुति गर्ने कला प्रशिक्षण दिइरहेको प्रशिक्षक थापाले बताए । उनले भने-'महिलाहरूको लगनशीलता निकै नै रह्यो, छोटो समयमा सिक्दै बजाउन पनि थालिसके ।' तालिममा महिलाको सक्रियता निकै प्रभावकारी रहेको थाहा नगरपालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेले बताए । अनुभवी प्रशिक्षकको प्रशिक्षण र प्रशिक्षार्थी महिलाको लगनशीलताले सोचेभन्दा चाँडै बजाबजाउने सीप सिकेको शाखा प्रमुख लामिछानेले बताए ।

थाहा नगरपालिका सामाजिक विकास शाखा र २ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा सक्रिय उद्यमशिल महिला समुहका २० जना महिलाहरूले नौमती बजा बजाउने तालिमको प्रशिक्षण लिइरहेका छन् । तालिम २५ दिन सम्म संचालन गरिने वडा सदस्य युवराज बिष्टले जानकारी दिए ।

# अपाङ्गता भएका ४५ विद्यार्थीलाई शैक्षिक छात्रवृत्ति

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले सामुदायिक विद्यालयमा अध्यनरत अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सामाग्रीसहित छात्रवृत्ति वितरण गरेको छ ।

नगरपालिकाको महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांग परिचयपत्र वितरण शाखाले २५ जेठमा एक कार्यक्रमको आयोजना गरी १३ वटा विद्यालयमा अध्यनरत ४५ बालबालिकालाई शैक्षिक सामाग्रीसहित तथा छात्रवृत्ति प्रदान गरेको हो । शिखरकोटस्थित विकास घरमा आयोजित एक समारोहबीच झोला र कापी, कलम, ज्यामिती बक्स सामाग्रीसहित नगद ३ हजार रूपैयाँ वितरण गरिएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् ।

थाहा नगरपालिका सामाजिक विकास समिती सदस्य जनक बिकको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, ३ नम्बर वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, थाहानगर रोजगार संयोजक कुमार नेगी, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख दुर्गा खनाल, दामन चेली समाजकी अध्यक्ष राधिका रायमाझीलगायत सम्बन्धित विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको उपस्थिति रहेको थियो ।



अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
२०८० जेठ २९ गते सोमबार, 12 Jun, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


# विश्व वातावरण दिवसः 'थाहानगरमा वृहत सन्देशमुलक र्‍याली र कार्यक्रम'




◆ विकास संवाददाता

जुन ५ अर्थात विश्व वातावरण दिवसको अवसरमा थाहानगरमा विभिन्न सन्देशमुलक र्‍याली तथा साँस्कृतिक झाँकी प्रदर्शनसहित मनाइको छ । '*प्लाष्टिक जन्य प्रदूषण निर्मूल पारौँ, वातावरण मैत्री विकल्पको उपयोग गरौँ*' भन्ने नाराकासाथ थाहानगरमा विश्व वातावरण दिवस मनायएको हो ।

थाहा नगरपालिकाको विभिन्न वडामा रहेका साँस्कृति झाँकी प्रदर्शन सहित मनायएको दिवसमा गित, भजन तथा प्लेकार्ड मार्फत वातावरण संरक्षणको सन्देश दिइएको थियो । थाहानगरको ओखरबजार, स्वास्थ्य चोक र शिखरकोटबाट शुरू भएको र्‍याली एफमएम टोल, गोपाली गाउँ तथा दामन डाँडाबास सडक खण्ड हुँदै जेसिजमार्गबाट इन्द्रायणी चौर तथा जेसीजहलसम्म पुगेको थियो ।

कार्यक्रममा स्थानीय स्काउट, विद्यालयमा गठित स्काउट, पालुङ जेसीज, शिखर क्लव, झम्केश्वरी बाजा व्यवस्थापन समिती, कुन्छाल महिला बासुरी समूह, पालुङ सांस्कृतिक सम्पदा संरक्षण समूह, थाहा खैचडी भजन समूह, थाहा महिला खैजडी भजन समूह, गुरूङ समाज फुर्के, नवजागरण वन झाँक्री संगठन, नेपाल तामाङ बोम्बो समाज, सक्रिय महिला उद्यमशिल समुहको नौमती बाजा, दामन चेली समाज, बजार व्यवस्थापन समितीहरू, स्थानीय राजनैतिक दलका प्रतिनिधीहरू, जनप्रतिनिधिहरूले ब्यानर, प्लेकार्ड सहित सचेतनामुलक सन्देश सहित र्‍यालीमा सहभागी भएका थिए । र्‍यालीमा सहभागी विभिन्न साँस्कृतिक झाँकीहरू इन्द्रायणी चौरमा पुगेर प्रदर्शन गरेका थिए ।

वातावरण दिवसको अवसरमा थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले शुभकामना दिँदै स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हकलाई सार्थक बनाउन प्रण गर्नुपर्ने बताए । नगर प्रमुख विष्टले अनुसार सबैको सहयोगले जलवायुको समस्या, हरितगृह ग्यास उत्सर्जनको कारणले भएको वातावरण प्रदूषणलाई कम गर्न वृक्षारोपण आवश्यक रहेको उल्लेख गरे । उनले आफ्नो घर वरिपरि रहेको वातावरण सफा राख्दै वन, जल, वनस्पति, कृषि तथा जीवहरूको पर्यावरणीय सम्बन्धलाई जीवनमुखी बनाउनुपर्ने धारणा राखे ।

मानव जातिको महत्वकांक्षा बढ्दै जाँदा भएको प्रकृतिको दोहनले विश्वव्यापी जलवायु परिवर्तन, जैविक विविधताको ह्रासका साथै बढ्दो प्रदूषण आज चुनौती बनेको थाहानगर उपप्रमुख भरत गोपाली बताए । उनले विकासलाई वातावरणमैत्री बनाउनुपर्नेमा जोड दिएका थिए । थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले पृथ्वीको तापक्रममा आएको क्रमिक वृद्धिले हिमालको हिउँ पग्लिने, सामुद्रिक सतहमा वृद्धि भई तटीय क्षेत्रहरू डुबानमा पर्ने, हिमाली भेगमा रहेका हिमतालहरू फुट्ने, हिउँ पहिरो, सुक्खा पहिरोजस्ता खतराबाट पारिस्थितिक प्रणाली प्रत्यक्ष वा अप्रत्यक्षरूपमा परेको असरबाट बच्न आन्तरिक तयारी र बाह्य जगत्सँग यसबारेमा दरिलो ढंगबाट वकालत गर्ने क्षमता वृद्धि गर्नुपर्ने खाँचो रहेको औल्याए ।

कार्यक्रममा सहभागी दामन चेली समाजका अध्यक्ष राधिका रायमाझीले स्वच्छ वातावरणका लागि फोहर गरेर सफा गर्नेभन्दा पनि फोहर नै नगर्नु वा फोहरको सही व्यवस्थापन गर्नु उत्तम उपाय हुने बताइन् । वातावरण दिवसको अवसरमा आफुले सिकेको सीपलाई प्रदर्शन गर्न पाउँदा महिला समुहमा खुशी छाएको थाहा महिला खैजडी भजन समुहका अध्यक्ष सुनिता अधिकारीले बताइन् । उनले यस्ता कार्यक्रमले महिलाहरूले सिकेको सांस्कृतिक सिपलाई सबैको सामु प्रस्तुत गर्न पाउँदा खुशी लागेको सुनाइन् । नेपाली कांग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीले सबैले आफ्नो घर वरिपरि रहेको वातावरण सफा राख्दै वन, जल, वनस्पति, कृषि तथा जीवहरूको पर्यावरणीय सम्बन्धलाई जीवनमुखी बनाउनुपर्ने बताए ।

कार्यक्रममा थाहा नगरपालिकाले सांस्कृतिक संरक्षणको लागि सहयोग तथा तालिम दिएका सांस्कृतिक समूहहरूको बाजा तथा झाँकिको सहभागीता रहेको थियो । थाहा नगरपालिका वन वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विगतका वर्षहरूमा भन्दा फरक ढंगले दिवस मनाउने क्रममा थाहा नगरपालिका मार्फत सहयोग गरिएका तथा समाजमा रहेका विभिन्न समुदायको साँस्कृतिक बाजा समूहको पहिचान गर्ने, नगरपालिकामा सूचीकृत गर्ने र झाँकी तथा र्‍याली सँगै वातावरण संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्य रहेको थाहा नगर पालिका वन वातावरण तथा विपद व्यवस्थापन समितिका सदस्य सचिव अनिल लामिछानेले बताए ।

कार्यक्रमको अवसरमा साँस्कृतिक झाँकी प्रदर्शन गर्ने संस्था तथा समूहलाई प्रति समूह ७ हजार प्रोत्साहन सहयोगका साथै कदरपत्र प्रदान गरिएको थियो भने सहभागी सबै समूह तथा संस्थालाई कदर पत्रबाट सम्मान गरिएको थियो ।

# जनचेतनाका लागि सडक नाटक प्रदर्शन




◆ विकास संवाददाता

थाहा नगरपालिकामा रहेको दामन चेली समाजको आयोजना तथा समुदायिक प्रहरीको सहकार्य र सामाजिक विकास शाखा थाहा नगरको आर्थिक सहयोगमा थाहा नगरमा लागू औषध विरूद्ध सडक नाटक प्रदर्शन गरिएको छ ।

लागू औषध विरूद्ध घर परिवार सक्रिय हुनुपर्ने, यसमा प्रहरीको साथ लिन सकिने सन्देश प्रवाह हुने नाटक प्रदर्शन गरिएको हो । नाटक हेर्न युवायुवतीहरूसंगै विभिन्न महिला समूहको विशेष सहभागिता रहेको थियो । पछिल्लो पटक थाहा नगरपालिकाको विभिन्न स्थानमा लागू औषध सेवनकर्ताहरू भेटिएको र तिनिहरू मध्येबाटै लागू औषधको कारोबार गर्नेहरूलाई नियन्त्रणमा लिइएको अवस्थामा दामन चेलीले सामुदायिक प्रहरी र थाहा नगरपालिका संग मिलेर लागू औषध दुर्व्यसन विरूद्धको अभियान शुरूआत गरिएको हो ।

दामन चेली समाजका अध्यक्ष राधिका रायमाझीको संयोजनमा भएको सडक नाटककमा कलाकार हरूले घर्तिखोला, शिखरकोट, इन्द्रायणी बस्ती, पालुङ महादेवथान, किटेनीमा कार्यक्रम सडक नाटक प्रस्तुत गरेका थिए ।

मनोरञ्जनसंगै सडक नाटकले उपयोगी सन्देश प्रवाह गरेको धारणा जनप्रतिनिधि हरूको रहेको छ । आफ्ना सन्तानहरू कुलतमा फस्न सक्ने, फसेमा प्रहरीसंग आवश्यक समन्वय गरेर सुधार गृहमा लग्ने र लागू औषध कारोबार विरूद्ध समुदायको भूमिका महत्व हुने सडक नाटकमा देखाइएको थियो ।

# थाहानगरको ८ नम्बर वडामा श्रमदान अभियान

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ८ मा स्थानीयहरूले श्रमदान गरेर उदाहरण प्रस्तुत गरेका छन् । गाउँसम्म पुगेको सडकको नाला तथा खाल्डाखुल्डी पुर्नका लागि स्थानीयहरूले श्रमदान गर्न थालेका छन् ।

वडा कार्यालयले सहजीकरण गरेको श्रमदान अभियानमा स्थानीयहरू जुटेर काम गरेका हुन् । वडा कार्यालयसँग सीमित बजेट हुने भएकोले जनताको सहभागितामा गरिएको विकास कम लागत र बलियो हुने वडा अध्यक्ष हेमराज थिङले बताए । 'वडाले आवश्यक खाजा उपलब्ध गराएको र श्रमदानमा आम जनता जुट्नु भएको छ'- अध्यक्ष थिङले भने । जनश्रमदानबाट भकुण्डे, काभ्रे, खर्क भञ्ज्याङ्, सिम्ले सडक अन्तर्गत सुनकालीदेखि छाप, जल्किन खोलासम्म ७ किलोमीटर सडकको नाली तथा खाल्डाखुल्डी पुरी मर्मत गरिएको अध्यक्ष थिङले जानकारी दिए ।

वडाको सहजीकरणमा शुरू भएको श्रमदान अभियानमा करिव ३ सय जनाको सहभागितामा रहेको थियो । श्रमदान मार्फत हुलाक डाँडा, काभ्रे वडा कार्यालयसम्म ३ किलोमीटर र सौरा गार `घर २ किलोमीटर सडक समेत जनश्रमदानबाट मर्मत गरियको अध्यक्ष थिङले बताए । श्रमदान अभियान आवश्यकता अनुसार पुनः संचालन गरिने थिङले बताए ।

# डाँडाबासको कुटेश्वरी सहकारीमा ५ दिने साबुन बनाउने तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको डाँडाबासमा पाँच दिने साबुन बनाउने तालिम सम्पन्न भएको छ ।

थाहा नगरपालिका महिला बालबालिका जेष्ठ नागरिक तथा अपाङ्ग परिचय पत्र वितरण शाखाको सहयोगमा कुटेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा तालिम भएको हो । तालिमका लागि नेपाल इजकोले प्राविधिक सहयोग गरेको थियो ।

अप्ठ्यारो परिस्थितीमा रहेका महिलाहरूलाई लक्षित गरी स्थानीय स्तरमा नै लघुउद्यमको माध्यमबाट स्वरोजगार सिर्जना गरी आर्थिक-सामाजिक सशक्तिकरण गर्दै आत्म निर्भर बनाउने उद्देश्यले तालिम संचालन गरिएको हो । साबुन तथा सरफ निर्माण लघुउद्यम दर्ता र उत्पादनको प्रक्रियालाई समेत अघि बढाइने बताइएको छ ।

स्थानीय उत्पदनमा आधारित लघुउद्यम व्यवसायको खोज तथा सञ्चालन गर्दै अप्ठ्यारो परिस्थितीमा रहेका बढी भन्दा बढी महिलाहरूलाई समेट्दै जाने र त्यसको लागि छुट्टै कोषको स्थापना पनि सहकारीले गरेको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# थाहा नगरप्रमुखलाई ध्यानाकर्षण

◆ विकास संवाददाता

नेपाल शिक्षक महासंघ थाहानगर समितिले थाहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा विभिन्न शैक्षिक सुधारको माग राख्दै सुझावपत्र बुझाएको छ । नगर समितिले २६ जेठमा थाहानगर प्रमुख विष्णु बहादुर विष्टको कार्यकक्षमा नगरपालिकाले शैक्षिक सुधारको निम्ति गर्नुपर्ने कामहरूको सुझाव पेश गरेका हुन् ।



सुझाव पत्र नगर प्रमुख विष्ट तथा उपप्रमुख भरत गोपालीले बुझेका छन् । सुझाव पत्र बुझाउँदै महासंघ थाहानगरका अध्यक्ष राजाराम कार्कीले कार्यान्वयन गरिदिन ध्यानाकर्षण गराए । सुझावपत्रमा थाहा नगरपालिकाको शिक्षाको गुणस्तर र शिक्षकहरूको क्षमता अभिवृद्धि र पेशागत सुरक्षा र दायित्वलगायतका सवालहरू पेश भएको छ । १९ बुँदे उक्त सुझाव बुझाउन महासंघमा आवद्ध शिक्षकहरू नगरपालिका पुगेका थिए ।

**यसैबीच** नेपाल बाल विकास शिक्षक समिती थाहानगर समितिले पनि थाहा नगरपालिकाको ध्यानाकर्षण गराएका छन् । २६ जेठमा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्ट र उपप्रमुख भरत गोपालीलाई आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा आफूहरूको माग सम्बोधन गर्न ध्यानाकर्षण गराएका हुन् ।

उनीहरूले मासिक पारिश्रमिक १७ हजार पुऱ्याउनुपर्ने, नेपाल शिक्षक महासंघ र नेपाल सरकारबीच भएको सम्झौता कार्यान्वयनमा उदासिनता देखिएको लगायतका सवालहरू समेटेर पालिकाको ध्यानाकर्षण गराएका हुन् । नगरपालिकाको नीति तथा कार्यक्रममा प्रारम्भिक बाल विकासलाई प्राथमिकतामा राखी बजेट व्यवस्था गर्नुपर्ने उनीहरूको सुझाव छ ।



नगर अध्यक्ष दीपा बलद्वारा हस्ताक्षरित १० बुँदे ध्यानाकर्षण पत्र बुझ्दै नगर प्रमुख तथा उपप्रमुखले जायज मागहरू क्रमशः सम्बोधन हुने प्रतिक्रिया दिए । ध्यानाकर्षण पत्र बुझाउन बाल विकास समिती थाहानगर समितिका अध्यक्ष दिपा बलसहितको टोली थाहा नगरपालिका पुगेको थियो । टोलीलाई थाहा नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामै राखेको उल्लेख गर्दै जायज मागहरू पालिकाको क्षमता अनुसार पूरा गर्दै जान नगर प्रमुख तथा उपप्रमुखले प्रतिवद्धता जनाएका थिए ।

# जनकल्यणमा जुनोटिक रोग सम्बन्धी कार्यशाला

◆ विकास संवाददाता

थाहा नगरपालिकाको जनकल्याण माविमा २५ जेठमा जुनोटिक रोगका विषयमा कार्यशाला सम्पन्न भएको छ । खानपानमा बदलाव र वातावरणमा आएको परिवर्तनका कारण जुनोटिक खालका रोग देखा पर्न थालेसंगै भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र हेटौंडाको आयोजना र थाहानगर पशु विकास शाखाको समन्वयमा कार्यशाला भएको हो । कार्यशालामा जनकल्याण माविमा कृषि विषय अध्ययन गर्ने कक्षा ९ र १० का विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

पशुबाट मानिसमा र मानिसबाट पशुमा सजिलै सर्ने जुनोटिक रोग पशुको लसपस, दूध, दही, मासु र हावाको माध्यमबाट कसरी सर्ने गरेका छन् र यसवाट बच्न कसरी सकिन्छ भनेर कृषिका विद्यार्थीहरूलाइ जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । विद्यार्थीहरू मार्फत सचेतनामुलक सन्देश प्रवाह गर्दा सहज र छिटो आम नागरिकले थाहा पाउने भएकोले विद्यायस्तरमा कार्यक्रम आयोजना गरिएको थाहानगरका पशु प्राविधिक रूपेश कुमार मिश्रले जानकारी दिए। नेपालमा जनावरबाट मानिसमा सर्ने ६९ प्रकारका रोग पत्ता लागेको प्राविधिक मिश्रमको भनाइ छ ।

पटके, तुहिने, छारे, टाईफाईड, रेबिज, वर्डफ्लु, दाद, फिरफिरे, जापनिज इन्सेफलाइटिस, क्षयरोग, फिते जुका, इन्फुलन्जा, ट्राइकिभेला, ब्रसेल्ला, लिष्टेरिया, विएसइ सर्कोसिसलगायतका दर्जनौं रोग पशुबाट मानिसमा सर्ने रोगको बारेमा विद्यार्थीलाई जानकारी दिएको जिल्ला पशु विज्ञ सेवा केन्द्रका प्रमुख डाक्टर प्रभात न्यौपानेले बताए । उनका अनुसार पशुबाट मानिसमा ६० प्रतिशत रोग सर्ने गरेका छन् । यस्ता रोगको ७० प्रतिशत स्रोत नै पत्ता नलागेको बताइएको छ । ७० प्रतिशत रोग व्यापारका माध्यमबाट र अन्तरराष्ट्रिय पशुको व्यापार बाट मात्रै ७७ प्रतिशत रोग मानिसलाई सर्ने गरेको पाइएको छ ।

काटेको मासुलाई राम्ररी नपकाइ खाँदा, दूधलाई उमालेर नखाँदा र हावाको माध्यमबाट समेत जुनोटिक रोग सर्ने गरेका छन् ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

व्यवसायिक कृषिले बनाउँछ सुखी।

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेश मै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत् आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।
खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ
थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी